# बेलडाँडी गाउँपालिकाको
# राजपत्र

७ नं. प्रदेश, बेलडाँडी, कञ्चनपुर, २०७५ साल जेठ ८ गते संख्याः ६

भाग–३

"घ" वर्गको निर्माण व्यवसायको नयाँ इजाजत पत्र जारि, इजाजत पत्र नविकरण, नामसारी तथा खारेज गर्ने सम्बन्धि कार्यविधि २०७५

CamScanner

स्थानीय राजपत्र

बेलडाँडी गाउँपालिका द्वारा प्रकाशित

७ नं. प्रदेश, बेलडाँडी ,कञ्चनपुर, जेठ , ०८ गते २०७५ साल संख्याः १

भाग ३

## "घ" वर्गको निर्माण व्यवसायको नयाँ इजाजत पत्र जारि, इजाजत पत्र नविकरण, नामसारी तथा खारेज गर्ने सम्बन्धि कार्यविधि २०७५

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (छ) १० वमोजिम "घ" वर्गको निर्माण व्यवसायको नयाँ इजाजत पत्र जारि, इजाजत पत्र नविकरण, नामसारी तथा खारेज गर्ने अधिकार गाँउपालिका तथा नगरपालिकामा भएको व्यवस्था वमोजिम "घ" वर्गको निर्माण व्यवसायको नयाँ इजाजत पत्र जारी, इजाजत पत्र नविकरण, नामसारी तथा ख़ारेज गर्ने सम्बन्धि कार्यविधि २०७ ५ तयार गरिएको छ।

**क)- कार्यक्षेत्र तथा योग्यता**

१। यस कार्य विधि अन्तर्गत इजाजत प्राप्त निर्माण व्यवासयीले सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संशोधन समेत) तथा सार्वजनिक खरिद नियमावली २०६४ (पाँचौ संशोधन समेत) मा व्यवस्था भए वमोजिम कुनै पनि सार्वजनिक निकायका सार्वजनिक निर्माणका कार्यहरु गर्न सक्ने छ ।

२। कुनै पनि नेपाली नागरिकता भएको व्यक्ति वा नेपाल सरकारको कम्पनि दर्ता ऐन वमोजिम दर्ता भएको प्राइभेट वा पब्लिक लिमिटेड कम्पनिले "घ" वर्गको निर्माण व्यवसायको इजाजत पत्रका लागि निवेदन दिन सक्नेछ।



CamScanner

१। यस कार्यविधिमा उल्लेखित कुनै पनि बुँदा नेपाल सरकारले जारि गरेको ऐन, नियम कानुन सँग बाझिएको हकमा नेपाल सरकारकै ऐन, नियम कानुन वमोजिम नै हुनेछ।

**ख)- "घ" वर्गको निर्माण व्यवसायको इजाजत पत्रका लागि आवश्यक कागजात सहित आबश्यक मापदण्ड**

"घ" वर्गको निर्माण व्यवसायको नयाँ इजाजत पत्र र इजाजात पत्र नामसारीका लागि कम्तिमा अनुसूचि "क" वमोजिमको मेशिनरी तथा औजार र अनुसूची "ख" वमोजिमको जनशक्तिको मापदण्ड पुरा भएको हुनु पर्नेछ।

**ग)- आबश्यक न्यूनतम जनशक्ति**

"घ" वर्गको निर्माण व्यवसायको नयाँ इजाजत पत्र र इजाजात पत्र नामसारीका लागि निवेदकले तपसिल वमोजिम व्योहोराको नोटरी पब्लिक बाट प्रमाणित कर्मचारी विवरण निवेदन साथ संलग्न गर्नु पर्नेछ।

| सि.नं. | नाम र ठेगाना | शैक्षिक योग्यता | पद | कार्य अवधि |
|---|---|---|---|---|
| | | | | |

**घ)- आबश्यक न्यूनतम मेशिनरी तथा औजार**

"घ" वर्गको निर्माण व्यवसायको नयाँ इजाजत पत्र र इजाजात पत्र नामसारीका लागि निवेदकले तपसिल वमोजिम व्योहोराको मेकानिकल इन्जिनियरको सिफारिस एवम नोटरी पब्लिक बाट प्रमाणित मेशिनरी तथा औजारको विवरण निवेदन साथ संलग्न गर्नु पर्नेछ।

| सि.नं. | विवरण | मूल्य | खरिद मिति | संख्या |
|---|---|---|---|---|
| | | | | |

ङ)- आबश्यक न्यूनतम बैंक मौज्दात

"घ" वर्गको निर्माण व्यवसायको इजाजत पत्रका लागि रु ३,००,०००।०० वरावरको नगद वा बैंक क्रेडिट उपलब्ध रहेको प्रमाण पेश गर्नु पर्नेछ।

"घ" वर्गको इजाजत पत्र नविकरणका निवेदन साथ निम्न कागजात प्रतिलिपि संलग्न राखी कार्यालय प्रमुख समक्ष पेश भएकोमा आवश्यक

कागजात पुगेको अवस्थामा कार्यालय प्रमुख (प्रमुख प्रशासकिय अधिकृत) इजाजत पत्रको प्रतिलिपि बाट इजाजत पत्र नविकरण गरिनेछ।

i. घरेलु तथा साना उद्योग कार्यालयको सिफारिस।

ii. कर चुक्ता (आराका) प्रमाण पत्रको प्रतिलिपि वा अघिल्लो आ.व. को ।

iii. PAN दर्ता प्रमाण पत्र को प्रतिलिपि।

**च)- इजाजत पत्र सिफारीस समिति**

१। बेलडाँडी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय लाई "घ" वर्गको निर्माण व्यवसायको नयाँ इजाजत पत्र र इजाजात पत्र नामसारी गर्नका लागि अनुसूचि – ग वमोजिमको "घ" वर्गको निर्माण व्यवसायको इजाजत पत्र सिफारिस संमिति गठन गरिने छ।

२। "घ" वर्गको निर्माण व्यवसायको इजाजत पत्र सिफारिस समितिले प्राप्त निवदेन तथा अन्य विवरणहरुको अध्ययन गरि इजजात पत्रका लागि गाउँ कार्यपालिकाको कार्यालय लाई ७ दिन भित्र सिफारिस गर्नु पर्नेछ। सिफारिस समितिको सिफारिसका आधारमा नगर कार्यपालिकाको कार्यालय प्रमुखबाट निर्णय वमोजिम निर्माण व्यवसायको नयाँ इजाजत पत्र जारि गरिने छ।

**छ)** इजाजत पत्र नामसारीका पेश भएका निवेदनको सम्बन्धमा इजाजत पत्र सिफारीस समितिबाट आवश्यक कागजात पुगे नपुगेको जााचबुझ गरी नामसारी गर्न उपयुक्त रहेका सिफारीस साथ कार्यालय प्रमुख समक्ष पेश भएमा कार्यालय प्रमुख बाट नामसारी गर्ने निर्णय गरी नामसारी गरीदिने ।

**ज)- दर्ता, नविकरण, नामसारी तथा खारेज शुल्क**

चालु आर्थिक वर्ष २०७४।०७५ का लागि "घ" वर्गको निर्माण व्यवसायको इजाजत पत्र सम्बन्धमा देहाय वमोजिमको शुल्क निर्धारण गर्ने र अगामि आर्थिक वर्ष देखि नगर सभाले पारित गरे वमोजिमको शुल्क लागु हुनेछ।



CamScanner

१। "घ" वर्गको निर्माण व्यवसायको इजाजत पत्र दर्ता शुल्क रु १५,०००।००
२। "घ" वर्गको निर्माण व्यवसायको इजाजत पत्र हकवालाको नाममा नामसारी शुल्क रु ३,०००।००
३। "घ" वर्गको निर्माण व्यवसायको इजाजत पत्र हकवाला वाहेकको नाममा नामसारी शुल्क रु ७,०००।००
४। "घ" वर्गको निर्माण व्यवसायको इजाजत पत्र नविकरण शुल्क रु २,५००।०० असोज मसान्त भित्र
५। "घ" वर्गको निर्माण व्यवसायको इजाजत पत्र नविकरण शुल्क रु ५,०००।०० चैत्र मसान्त भित्र
६। "घ" वर्गको निर्माण व्यवसायको इजाजत पत्र खारेज शुल्क रु २,५००।०० असोज मसान्त भित्र

**ज)- इजाजत पत्र रद्द गर्न सक्ने**

बेलडाँडी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले देहाय वमोजिमको अवस्थामा गाउँ कार्यपालिकाको कार्यालयबाट जारि भएको इजाजत पत्र रद्द गर्न सक्ने छ। तर यसरी इजजात पत्र रद्द गर्न अघि सम्बन्धित पक्ष लाई स्पष्टिकरणको मौका दिइने छ।

१। प्रचलित कानुन वमोजिम तोकिएको अवाञ्छित कृयाकलापमा सहभागि भएको प्रमाणित भएमा
२। कार्य विधि अनुसार तोकेको न्यूनतम जनशक्ति र मेशिनरी तथा औजारको सुनिश्चिता गरेको नपाइएमा
३। सार्वजनिक खरिद अनुगमन कार्यालयको कालोसूचिमा परेमा
४। अन्य सरकारी कार्यलाय बाट आबश्यक प्रमाण सहित इजाजत पत्र रद्द गर्न सिफारिस भई वेलडाँडी गाउँपालिका, गाउँ कार्य पालिकाको कार्यालयले मुनासिव ठानेमा
५। लगातार तिन वर्ष सम्म इजाजत पत्र नविकरण नगरेमा

### झ)- पुनरावलोकन

यस कार्य विधि वमोजिम इजाजत पत्र रद्ध गरेको विषयमा निर्माण व्यवसायी लाई चित नबुझेमा पुनरावलोकनका लागि बेलडाँडी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन गर्न सक्ने छ र बेलडाँडी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय बाट भएको निर्णय नै अन्तिम निर्णय मान्य हुनेछ।

## अनुसूचि - क

"घ" वर्गको निर्माण व्यवसायको इजाजत पत्रका लागि आबश्यक न्यूनतम मेशिनरी तथा औजारको विवरण

| सि.नं. | मेशिनरी तथा औजारको विवरण | न्यूनतम आबश्यक संख्या | कैफियत |
|---|---|---|---|
| १ | कंक्रिट मिक्सचर | १ | मेशिनरी तथा औजार खरिद गरेको भ्याट विलको प्रमाणित प्रतिलिपि र उपकरणहरु चालु अवस्थामा रहेको भनि मेकानिकल इन्जिनियरले सिफारिस गरेको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने। |
| २ | भाइब्रेटर | २ | |
| ३ | पम्प | २ | |
| ४ | लेवल मसिन | १ | |



CamScanner

## अनुसूचि - ख

### "घ" वर्गको निर्माण व्यवसायको इजाजत पत्रका लागि आवश्यक न्यूनतम जनशक्तिको विवरण

| i. | जनशक्तिको विवरण | न्यूनतम आवश्यक संख्या | कैफियत |
|---|---|---|---|
| | सिभिल इन्जिनियर | १ | कर्मचारीहरुको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि तथा निजहरु सँगको सम्झौता तथा नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने। |
| | सिभिल सब इन्जिनियर | १ | |
| | प्रशासन सहायक | १ | |
| | लेखा सहायक | १ | |

## अनुसूचि - ग

"घ" वर्गको निर्माण व्यवसायको इजाजत पत्र सिफारिस समिति

| | |
|---|---|
| प्रशासन शाखा प्रमुख | (सदस्य) |
| योजना तथा प्राविधिक शाखा प्रमूख | (अध्यक्ष) |
| राजश्व शाखा प्रमुख | (सदस्य) |
| लेखा शाखा प्रमुख | (सदस्य) |

सिफारिस समितिले आवश्यकता अनुसार अन्य व्यक्तिहरु लाई आमन्त्रित गर्न सक्ने छ